काठमाडौं उपत्यका सार्वजनिक यातायात प्राधिकरण गठन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना : काठमाडौं उपत्यकाभित्र सञ्चालन हुने सार्वजनिक यातायात सेवालाई सहज, पहुँचयोग्य, यात्रुमैत्री, विश्वसनीय, लागत-प्रभावी र सुरक्षित बनाउन तथा सार्वजनिक यातायात सेवालाई माग र आपूर्ति बीच सन्तुलन कायमगर्दै एकिकृत यातायात प्रणालीको व्यवस्थापन, विकास तथा विस्तार गर्न र सार्वजनिक यातायात सेवाको नियमन तथा सञ्चालन सम्बन्धी व्यवस्थालाई प्रभावकारीरुपमा कार्यान्वयन गर्नको लागि सार्वजनिक यातायात प्राधिकरण स्थापना गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१)यस ऐनको नाम “काठमाडौं उपत्यका सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरणऐन,२०७६” रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकान्नब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ।

(३) यो ऐन प्रारम्भ भएको मितिले पाँच बर्षसम्म बहाल रहनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) “एकिकृत यातायात प्रणाली”भन्नाले सार्वजनिक यातायात सेवा प्रदायक बीच सामञ्जस्य कायम राखी यात्रुलाई सर्वसुलभ, सहज, विश्वसनीय र भरपर्दो सार्वजनिक यातायात सेवा सुनिश्चित गर्ने प्रणाली सम्झनु पर्छ ।

(ख) “काठमाडौंउपत्यका”भन्नालेकाठमाडौं, भक्तपुर र ललितपुर जिल्ला सम्झनु पर्छ र सो शब्दले काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका गाउँपालिका वा नगरपालिकासँग जोडिएका अन्य जिल्लाका गाउँपालिका वा नगरपालिकाको क्षेत्रलाई समेत जनाउँछ ।

(ग) “तोकिएको" वा "तोकिए बमोजिम”भन्नाले यस ऐन अन्तर्गतबनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(घ) “मन्त्रालय” भन्नाले यातायात सम्बन्धी बिषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले दफा ९ बमोजिमको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ।

(च) “परिषद्”भन्नाले दफा ७ बमोजिमको काठमाडौं उपत्यका सार्वजनिक यातायात परिषद् सम्झनु पर्छ ।

(छ) “पार्किङ्ग” भन्नाले बिसौनीमा बाहेक सवारी साधन रोक्न निर्धारण गरिएको स्थानमा सवारीलाई राख्ने कार्य सम्झनु पर्छ ।

(ज) “प्राधिकरण” भन्नाले दफा ३ बमोजिमको काठमाडौं उपत्यका सार्वजनिक यातायात प्राधिकरण सम्झनु पर्छ ।

(झ) "यात्रु"भन्नाले सार्वजनिक यातायात प्रयोग गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ञ) "बिसौनी" भन्नाले यात्रुवाहक सार्वजनिक यातायातमायात्रा गर्ने प्रयोजनको लागि यात्रुलाई चढ्न र ओर्लनको निमित्त निर्धारित स्थान सम्झनु पर्छ ।

(ट) "सार्वजनिक यातायात" भन्नाले काठमाडौं उपत्यकाभित्र सार्वजनिक यातायात सेवा सञ्चालन गर्न प्रचलित कानून बमोजिम दर्ता भई प्राधिकरणमा सूचीकृत भएका सार्वजनिक यातायात सेवा प्रदान गर्ने बस, टयाक्सी, मेट्रो, लाइट रेल, मोनो रेल, रेल, केवलकार, स्काई रेल, राइड सेयरिङ तथा तोकिए बमोजिमका अन्य सवारी साधन सम्झनु पर्छ।

(ठ) "सेवा प्रदायक"भन्नाले प्राधिकरणले निर्धारण गरेको मापदण्ड बमोजिम प्राधिकरणले तोकेको क्षेत्रभित्र सार्वजनिक यातायात सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमति प्राप्त फर्म वा कम्पनी सम्झनु पर्छ ।

(ड) "स्थानीय तह"भन्नाले नगरपालिका वा गाउँपालिका सम्झनु पर्छ ।

३. <u>प्राधिकरणको स्थापना</u> :(१) काठमाडौं उपत्यकाभित्र यात्रुहरुको आवतजावत र पहुँचलाई सरल, सहज, विश्वसनीय, लागत-प्रभावी र सुरक्षित बनाई सार्वजनिक यातायात सेवालाई व्यवस्थापन गर्न काठमाडौं उपत्यका सार्वजनिक यातायात प्राधिकरण स्थापना गरिएको छ ।

(२) प्राधिकरणको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

(३)प्राधिकरणले आवश्यकता अनुसार काठमाडौं उपत्यकाभित्र विभिन्न स्थानमा सम्पर्क कार्यालय खोल्न सक्नेछ।

४. <u>प्राधिकरण स्वशासित संस्थाहुने</u>:(१) प्राधिकरण अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) प्राधिकरणको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) प्राधिकरणले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ ।

(४) प्राधिकरणले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

५. <u>प्राधिकरणको काम, कर्तव्य र अधिकार</u> :(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि काठमाडौं उपत्यकाभित्र एकिकृत यातायात प्रणालीको विकास गर्ने सम्बन्धमा प्राधिकरणको काम,कर्तव्यर अधिकार देहाय बमोजिम हुनेछः-

(क) सार्वजनिक यातायात सम्बन्धी नीति, अल्पकालीन तथा दीर्घकालीन योजना र रणनीति तयार गर्ने,

(ख) सार्वजनिक यातायातको सञ्चालनतथा व्यवस्थापन गर्ने,

(ग) काठमाडौं उपत्यकाको लागि उपयुक्त हुने एकिकृत यातायात प्रणालीको विकास गर्ने,

(घ) एकीकृत यातायात प्रणाली सञ्चालन सम्बन्धी अध्ययन अनुसन्धान गर्ने, गराउने,

(ङ) सार्वजनिक यातायातका साधन बीच सूचना प्रविधिमा आधारित एकीकृत र नगद विहीन विद्युतीय भाडा प्रणालीको विकास गरी कार्यान्वयन गर्ने,

(च) सार्वजनिक यातायात सेवाको बारेमा वास्तविक समयमा आधारित यातायात सेवा सूचना प्रणाली विकास गरी कार्यान्वयन गर्ने,

(छ) सार्वजनिक यातायातसँग सम्बन्धित विवरण नियमित रुपमा संकलन,अभिलेखन, अद्यावधिक गरी त्यसको गुणात्मक उपयोग गर्ने,

(ज) एकिकृत यातायात प्रणालीको दीर्घकालीन योजना र रणनीति अनुरूप नेपाल सरकार तथा प्रदेश सरकारले समय समयमा दिएको निर्देशनको पालना गर्ने,

(झ) यात्रुको हितलाई मध्यनजर राखी सार्वजनिक यातायात सेवाको व्यवस्थापन गर्ने,

(ञ) सार्वजनिक यातायात सेवाको गुणस्तर तोक्ने,

(ट) यात्रुको टिकटको ढाँचा निर्धारण गर्ने,

(ठ) बिसौनी, यात्रु प्रतिक्षालय तथा पार्किङ स्थल निर्धारण गर्ने,

(ड) बिसौनी, यात्रु प्रतिक्षालय तथा पार्किङ स्थल आसपास यात्रुहरुको लागि आवश्यक शौचालय लगायतका न्यूनतम सेवा सुविधाको व्यवस्था गर्ने,

(ढ) सार्वजनिक यातायातको रुट निर्धारण गर्ने,

(ण) सार्वजनिक यातायातको भाडा दर निर्धारण गर्ने,यात्रुले सहजरूपमा भाडा तिर्ने वातावरण बनाउने तथा सोको कार्यान्वयन गर्ने, गराउने,

(त) सार्वजनिक यातायात सेवा सञ्चालनको शर्त निर्धारण गर्ने र सोको कार्यान्वयन गर्ने गराउने,

(थ) सार्वजनिक यातायातको लागि प्रयोग हुने सवारी साधनको मापदण्ड तोक्ने र कार्यान्वयन गर्ने, गराउने,

(द) सार्वजनिक यातायातको व्यवस्थापनको लागि आवश्यक मापदण्ड निर्धारण गर्ने,

(ध) सार्वजनिक यातायात सञ्चालनको लागि निजी क्षेत्र वा सार्वजनिक निकायसँग तोकिए बमोजिमको सेवा खरिद गर्ने वा आवश्यक सम्झौता गर्ने,

(न) प्रमुख व्यापारिक केन्द्र वा मल वा आवास क्षेत्रमा सार्वजनिक यातायात सेवा उपलब्ध गराएवापत तोकिए बमोजिमको सेवा शुल्क निर्धारण गर्ने,

(प) प्राधिकरणले निर्धारण गरेको यात्रुवाहक सार्वजनिक यातायात सञ्चालन गर्ने रुटमा वा सार्वजनिक आवागमनमा अवरोध पुगेको अवस्थामा प्रचलित संघीय कानून बमोजिम कुनै भवन लगायतका भौतिक अवरोध, संरचना हटाउने, भत्काउने वा स्थानान्तरण गर्ने,

(फ) प्राधिकरणले निर्धारण गरेका रुटहरुमा सडकको भौतिक अवस्था अनुसार अन्य सवारी साधनलाई एक तर्फी वा दोहोरो सञ्चालन गर्ने वा तोकिए बमोजिमका सवारी साधनलाई पूर्ण वा आंशिक रुपमा निषेध गर्ने,

(ब) काठमाडौं उपत्यकाभित्रको सार्वजनिक यातायातको प्रभावकारी व्यवस्थापनको लागि नेपाल सरकार, सम्बन्धित प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गर्ने,

(भ) प्राधिकरणले यातायात सेवा व्यवस्थापन गरे वापत लिने ओभरहेड खर्चको परिमाण निर्धारण गर्ने तथा सो ओभरहेड रकम सेवा प्रदायकबाट असुल गर्ने,

(म) प्राधिकरणबाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्ने, गराउने तथा सो सम्बन्धमा आवश्यक निर्देशन दिने,

(य) तोकिए बमोजिम अन्य काम गर्ने ।

(२)प्राधिकरणले उपदफा (१) बमोजिम काम कारवाही गर्दा नेपाल सरकार तथा सम्बन्धित प्रदेश सरकारका निकायसँग समन्वय गर्नु पर्नेछ ।

६. <u>एकीकृत यातायात प्रणाली विकास गर्ने:</u> (१) प्राधिकरणले सम्वद्ध निकायहरुको समन्वयमा काठमाडौं उपत्यकामा एकीकृत यातायात प्रणालीको विकास गरी सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकीकृत यातायात प्रणालीको विकास गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. <u>परिषद्को गठन</u>:(१) प्राधिकरणको सम्पूर्ण काम कारवाहीको सञ्चालन, रेखदेख र व्यवस्थापनको लागि काठमाडौं उपत्यका सार्वजनिक यातायात परिषद् रहनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषद्मा देहायका अध्यक्ष तथा सदस्यहरू रहनेछन् :–

| | | |
|---|---|---|
| (क) | प्रमुख, काठमाडौं महानगरपालिका | -अध्यक्ष |
| (ख) | प्रमुख, ललितपुर महानगरपालिका | -उपाध्यक्ष |
| (ग) | प्रमुख,भक्तपुर नगरपालिका | -सदस्य |
| (घ) | सहसचिव, मन्त्रालय | -सदस्य |

(ङ) महानिर्देशक,सडक विभाग वा निजले तोकेको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारी -सदस्य

(च) महानिर्देशक,यातायात व्यवस्था विभाग वा निजले तोकेको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारी -सदस्य

(छ) सहसचिव, यातायात सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय - सदस्य

(ज) प्रमुख,महानगरीय ट्राफिक प्रहरी महाशाखा वा निजले तोकेको कम्तीमा प्रहरी उपरीक्षक -सदस्य

(झ) प्रतिनिधि,काठमाडौं उपत्यकामा सार्वजनिक यातायात सञ्चालन गर्ने तीन ठूला कम्पनीको तर्फबाट एक एक जना गरी परिषद्ले मनोनित गरेका तीनजना -सदस्य

(ञ) प्रतिनिधि,उपभोक्ता हित संरक्षणको क्षेत्रमा कार्यरत संस्थाहरूबाट परिषद्ले मनोनयन गरेको एकजना-सदस्य

(ट) यातायात क्षेत्रमा काम गरी विज्ञता हासिल गरेका कम्तीमा एक जना महिला सहितपरिषद्ले मनोनित गरेको दुई जना -सदस्य

(ठ) परिषद्मा प्रतिनिधित्व नभएका काठमाडौं उपत्यकाका अन्य नगरपालिकाका प्रमुखहरुमध्येबाट नेपाल सरकारले तोकेको दुई जना -सदस्य

(ड) प्रमुख कार्यकारीअधिकृत -सदस्य-सचिव

स्पष्टीकरण : यस उपदफाको खण्ड (झ) को प्रयोजनको लागि "तीन ठूला कम्पनी"भन्नाले काठमाडौं उपत्यकामा सार्वजनिक यातायात सञ्चालन गर्ने कम्पनीमध्ये सबैभन्दा बढी सवारी पञ्जीकृत गर्ने तीन वटा ठूला कम्पनी सम्झनु पर्छ।

(३)उपदफा (२) को खण्ड (झ), (ञ), (ट) र (ठ) बमोजिमका सदस्यको पदावधि बढीमा पाँच वर्षको हुनेछ।

(४) परिषद्ले आवश्यक देखेमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै निकाय, स्वदेशी तथा विदेशी विशेषज्ञलाई परिषद्को बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(५)उपदफा (३) बमोजिमका सदस्यको पद देहायको अवस्थामा रिक्त भएको मानिनेछः-

(क) निजले आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) निजको मृत्यु भएमा ।

८. <u>परिषद्को बैठक सम्बन्धी कार्यविधि</u>:(१) परिषद्को बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को बैठक बस्नुभन्दा कम्तीमा चौविस घण्टा अगावै परिषद्को सदस्य-सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) परिषद्को बैठकको कूल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्नेले निर्णयाक मत दिनेछ ।

(७) परिषद्को बैठकले गरेको निर्णय अध्यक्षता गर्ने व्यक्ति र सदस्य-सचिवले प्रमाणित गर्नेछन्।

(८) परिषद्को बैठक भत्ता तोकिए बमोजिम हुनेछ ।

(९) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. <u>प्रमुख कार्यकारी अधिकृत</u>:(१) प्राधिकरणको दैनिक प्रशासन र व्यवस्थापन सम्बन्धी कार्य सञ्चालन गर्न नेपाल सरकारले एक प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त हुने प्रमुख कार्यकारी अधिकृत नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट इन्जिनियरिङ्ग, व्यवस्थापन वा कानून विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र सम्बन्धित क्षेत्रमा कम्तीमा दशवर्षको अनुभव हासिल गरी उच्चस्तरीय व्यवस्थापकीय क्षमता भएको हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रमुख कार्यकारी अधिकृत नियुक्तिका लागि नेपाल सरकार समक्ष सिफारिस गर्न मन्त्रालयको सचिवको संयोजकत्वमा परिषद्का सदस्यहरुमध्येबाट परिषद्ले तोकेको एक जना र मन्त्रालयले तोकेको यातायात क्षेत्रको बिशेषज्ञ एक जनागरी तीन जनाको प्रमुख कार्यकारी अधिकृत छनौट समिति रहनेछ ।

(४) उपदफा (३) बमोजिमको छनौट समितिले प्रतिस्पर्धाको आधारमा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी प्रमुख कार्यकारी अधिकृतको नियुक्तिका लागि तीनजना व्यक्तिको नाम मन्त्रालय समक्ष सिफारिस गर्नेछ।

(५) उपदफा (४) बमोजिम सिफारिस भएका व्यक्तिहरु मध्येबाट नेपाल सरकार, मन्त्रिपरिषद्ले प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्नेछ।

(६) उपदफा (५) बमोजिम प्रमुख कार्यकारी अधिकृतको नियुक्ति नहुँदासम्मको लागि नेपाल सरकारले राजपत्रांकित प्रथम श्रेणीको कुनै अधिकृतलाई प्रमुख कार्यकारी अधिकृतको रुपमा कामकाज गर्न खटाउन सक्नेछ।

(७) प्रमुख कार्यकारी अधिकृतको पदावधि बढीमा पाँच वर्षको हुनेछ।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रमुख कार्यकारी अधिकृतको काम सन्तोषजनक नभएमा नेपाल सरकारले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

(९) प्रमुख कार्यकारी अधिकृतको पदमा देहायको व्यक्ति नियुक्त हुन योग्य हुने छैनः-

(क) गैर नेपाली नागरिक,

(ख) पैंतीस वर्ष उमेर पूरा नभएको र साठी बर्ष नाघेको,

(ग) भ्रष्टाचार,जवरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार,लागू औषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धिकरण,राहदानी दुरुपयोग, अपहरण, बहुविवाह, पुरातात्विक महत्वका वस्तुहरुको अवैध कारोवार, संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट सजायँ पाएको ,

(घ) कुनैं विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको

,

(ङ) सार्वजनिक निकायको कुनै लाभको पद धारण गरेको,

**स्पष्टीकरण** : यस खण्डको प्रयोजनको लागि,"लाभको पद" भन्नाले निर्वाचन वा  मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पद बाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनु पर्छ ।

(१०) प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक, सेवाको अन्य शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

(११) उपदफा (१०) बमोजिम प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक, सेवाको अन्य शर्त र सुविधा नतोकेसम्म नेपाल सरकारले तोके बमोजिम हुनेछ।

१०. प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकारः(१) प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्राधिकरणको प्रशासकीय र आर्थिक प्रमुखको रुपमा कार्य गर्ने,

(ख) परिषद्को निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) प्राधिकरणको कोषको रेखदेख, नियन्त्रण, सम्पत्तिको स्याहार सम्भार र व्यवस्थापन गर्ने, गराउने,

(घ) प्राधिकरणको वार्षिक कार्यक्रम तथा योजना तर्जुमा गरी परिषद्मा पेश गर्ने,

(ङ) प्राधिकरणको वार्षिक आय-व्यय तथा पूरक आय-व्यय विवरण तयार गर्ने,

(च) परिषद्बाट स्वीकृत बजेट, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने,

(छ) प्राधिकरणको आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने व्यवस्था गर्ने,

(ज) प्राधिकरण र नेपाल सरकार, सम्बन्धित प्रदेश सरकार, सम्बन्धित स्थानीय तह तथा अन्य निकाय बीच सम्पर्क अधिकारीको रूपमा काम गर्ने,

(झ) प्राधिकरण अन्तर्गतका विभिन्न कार्यालयहरू बीच सम्पर्क तथा समन्वय कायम गर्ने, गराउने,

(ञ) परिषद्बाट प्रत्यायोजन गरिएका अधिकार तथा दिइएका निर्देशन बमोजिमका कार्यहरू गर्ने,

(ट) परिषद्को सदस्य-सचिव भई काम गर्ने तथा परिषद्को निर्णयको अभिलेख राख्ने,

(ठ) परिषद्ले गर्ने भनी निर्दिष्ट गरिएका कार्य सम्पादन गर्न आवश्यक सूचनाहरु परिषदमा उपलव्ध गराउने,

(ड) शहरी यातायातको विषयमा अध्ययन, अनुसन्धान गर्ने, गराउने,

(ढ) काठमाडौं उपत्यकाभित्र सञ्चालन हुने सार्वजनिक यातायातको अभिलेखराख्ने,

(ण) यात्रुको गुनासो सुन्ने र समाधान गर्ने सम्बन्धमा प्रभावकारी व्यवस्था मिलाउने,

(त) प्राधिकरण मातहत सञ्चालन हुने सार्वजनिक यातायातले पालना गर्नुपर्ने शर्त अनुसारको सेवा सञ्चालन गरे नगरेको नियमित अनुगमन गरी त्यस्तो शर्त अनुसार सेवा सञ्चालन गर्ने व्यवस्था मिलाउने,

(थ) सार्वजनिक यातायात सेवा प्रदायकहरू बीच तोकिए बमोजिमको भाडा रकम बाँडफाँड गरी वितरण गर्ने,

(द) प्राधिकरणको संगठन तथा व्यवस्थापन सर्वेक्षण गराई परिषद् समक्ष पेश गर्ने,

(ध) तोकिए बमोजिमको अन्य काम गर्ने।

११. <u>प्रमुख कार्यकारी अधिकृतको पद रिक्त हुने अवस्था:</u>प्रमुख कार्यकारी अधिकृतको पद देहायको अवस्थामा रिक्त भएको मानिनेछ :-

(क) दफा ९ को उपदफा (८) बमोजिम निजलाई नेपाल सरकारले हटाएमा,

(ख) दफा ९ को उपदफा (९) बमोजिमको अयोग्यता सिर्जना भएमा,

(ग) निजकोपदावधि समाप्त भएमा,

(घ) निजले दिएको राजीनामा स्वीकृत भएमा,

(ङ) निजको मृत्यु भएमा ।

१२. कर्मचारी सम्बन्धी व्यवस्था : (१) परिषद्ले प्राधिकरणको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा मन्त्रालयबाट स्वीकृत दरवन्दी बमोजिम प्राधिकरणमा आवश्यक कर्मचारी रहनेछन् ।

(३) उपदफा (२) बमोजिम कर्मचारी नियुक्ति नभएसम्म नेपाल सरकारले काजमा कर्मचारी उपलब्ध गराउनेछ ।

(४)प्राधिकरणमा आवश्यक पर्ने अधिकृत वा सो भन्दामाथिका पदमा स्थायी रूपमा कर्मचारी नियुक्त गरिनेछ।

(५) प्राधिकरणको स्थायी कर्मचारी छनौटका लागि लिइने लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ।

(६) प्राधिकरणमा आवश्यक पर्ने सहायक र सहयोगी पदका कर्मचारी सेवा करारद्वारा लिइनेछ।

(७) प्राधिकरणले प्रचलित कानूनको अधीनमा रही आवश्यकता अनुसार विशेषज्ञको सेवा लिन सक्नेछ ।

(८) कर्मचारीको नियुक्ति प्रक्रिया, सेवा, शर्त र सुविधा सम्बन्धी अन्य व्यवस्था विनियममा तोके बमोजिम हुनेछ ।

१३. प्राधिकरणको कोष : (१) प्राधिकरणको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) विदेशी व्यक्ति, सरकार वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त रकम,

(घ) सम्बन्धित प्रदेश सरकार र स्थानीय तहले उपत्यकाको सार्वजनिक यातायात सञ्चालनको लागि नियमित वा पटके रुपमा उपलब्ध गराएको अनुदान रकम,

(ङ) प्राधिकरणले यातायात सेवा व्यस्थापन गरे वापत यातायात सेवा प्रदायकबाट तोकिए बमोजिम प्राप्त हुने ओभरहेड रकम,

(च) प्राधिकरणले प्रमुख व्यापारिक केन्द्र, मल वा आवास क्षेत्र समेट्ने गरी यातायात सेवा सञ्चालन गरेको

अवस्थामा त्यस्ता केन्द्र, मल वा आवास क्षेत्रबाट सेवा वापत तोकिए बमोजिमको नियमित वा पटके रुपमा उठेको रकम,

(छ) प्राधिकरणले लगाएका अन्य सेवा शुल्क र दस्तुरबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि प्राधिकरणले नेपालसरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) प्राधिकरणको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(५) उपदफा (१) बमोजिमको कोषको सञ्चालन प्राधिकरणले तोके बमोजिम हुनेछ ।

१४. लेखा र लेखापरीक्षण:(१) प्राधिकरणको आय व्ययको लेखा नेपाल सरकारले तोकेको स्वीकृत ढाँचा र तरिका बमोजिम राख्नु पर्नेछ ।

(२) प्राधिकरणको कोषको आन्तरिक लेखापरीक्षण प्राधिकरणले नियुक्त गरेको लेखापरीक्षकबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

१५. जरिबाना:(१) कसैले देहाय बमोजिमको कुनै कार्य गरेमा प्रमुख कार्यकारी अधिकृत वा प्राधिकरणले तोकेको प्राधिकरणको कुनै अधिकृत कर्मचारी वा कम्तीमा सहायक निरिक्षक दर्जाको ट्राफिक प्रहरीले एक हजारदेखि पाँच हजार रूपैयासम्म जरिवाना गर्न सक्नेछः-

(क) सार्वजनिक यातायातमा तोकेको भाडा नतिरी यात्रा गर्ने, भाडा तिर्न इन्कार गर्ने वा नपाउने सुविधा लिन प्रयत्न गर्ने,

(ख) यात्रुसँग तोकिए बमोजिमको भाडा नउठाउने वा अनावश्यक सहुलियत दिने वा कम भाडा असुल गर्ने,

(ग) सार्वजनिक यातायातभित्र ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा यात्रुसँग अमर्यादित व्यवहार गर्ने,

(घ) सार्वजनिक यातायातभित्र सहचालक, चालक तथा यात्रुसँग अमर्यादित भाषा प्रयोग गर्ने,

(ङ) सार्वजनिक यातायातमा क्षति पुर्याउने वा फोहर गर्ने वा सार्वजनिक सवारी साधनबाट सडकमा फोहर फाल्ने।

(२) उपदफा (१) बमोजिम गरेको जरिवाना उपर सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ।

१६. समन्वय गर्नु पर्ने: प्राधिकरणले यस ऐन बमोजिम एकीकृत यातायात प्रणाली सञ्चालन गर्दा सम्बन्धित प्रदेश र स्थानीय तहसँग समन्वय गरी कार्यान्वयन गर्नु पर्नेछ ।

१७. संयन्त्र गठन गर्ने: नेपाल सरकारले प्राधिकरणले गरे वा गराएको कार्यको अनुगमन गर्नको लागि तोकिए बमोजिमको संयन्त्र गठन गर्न सक्नेछ ।

१८. पूर्व स्वीकृति लिनुपर्ने:(१) यो ऐन प्रारम्भ भएपछि प्राधिकरणको कार्यक्षेत्रभित्र सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने प्रयोजनका लागि सेवा प्रदायकले नयाँ यात्रुवाहक सार्वजनिक यातायातका साधनहरुको सञ्चालन गर्नु अघि प्राधिकरणको स्वीकृति लिनुपर्नेछ।

(२) यो ऐन प्रारम्भ हुनु अघि प्राधिकरणको कार्यक्षेत्रभित्र सार्वजनिक यातायात सेवा सञ्चालन गरिरहेका सेवा प्रदायकले यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र प्राधिकरणको स्वीकृति लिनु पर्नेछ ।

१९. अधिकार प्रत्यायोजन : परिषद्ले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार परिषद्को अध्यक्ष वा सदस्य वा प्रमुख कार्यकारी अधिकृत वा नेपाल सरकारको कुनै निकाय वा अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२०. नेपाल सरकारले निर्देशन दिन सक्ने:(१) नेपाल सरकारले सार्वजनिक यातायात सेवा विकास तथा विस्तार योजनाको तर्जुमा तथा कार्यान्वयन सम्बन्धमा प्राधिकरणलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशनको पालना गर्नु प्राधिकरणको कर्तव्य हुनेछ ।

२१. जग्गा उपलब्ध गराइ दिन सक्ने: प्राधिकरणको यातायात व्यवस्थापन, सञ्चालन र विकास योजना कार्यान्वयन गर्न आवश्यक पर्ने जग्गा नेपाल सरकारले प्रचलित कानून बमोजिम प्राप्त गरी प्राधिकरणलाई उपलब्ध गराई दिन सक्नेछ।

२२. आर्थिक स्रोत जुटाउने अधिकार:प्राधिकरणले आफ्नो काम सुचारु रूपले सञ्चालन गर्न नेपाल सरकारको पूर्व स्वीकृति लिई ऋण लिन, अनुदान प्राप्त गर्न वा अन्य कुनै किसिमबाट आर्थिक स्रोत जुटाउन सक्नेछ।

२३. सरकारी बाँकी सरह असुल उपर गर्न सक्ने:प्राधिकरणले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै व्यक्ति वा संस्थासँग लिनु पर्ने शुल्क, दस्तुर, भाडा तथा जरिबाना सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ ।

२४. प्रचलित कानून बमोजिम हुने:यस ऐनमा उल्लेख भएका विषयमा यसै ऐन बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

२५. प्रतिवेदन पेश गर्ने :यस ऐन बमोजिम प्राधिकरणले आफूले गरेको काम कारवाही तथा आय र व्ययको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले नब्बे दिनभित्र मन्त्रालय मार्फत नेपाल सरकारसमक्ष पेश गर्नु पर्नेछ ।

२६. नेपाल सरकारसँग सम्पर्क:प्राधिकरणले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२७. नियम बनाउन सक्ने: नेपाल सरकारले यस ऐनको कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्नेछ।

२८. विनियम बनाउन सक्ने :(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही प्राधिकरणले आफ्नो कार्य सञ्चालन गर्न आवश्यक विनियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको विनियम मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ ।

२९. निर्देशिका, कार्यविधि वा मापदण्ड:(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही प्राधिकरणले आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमका निर्देशिका, कार्यविधि वा मापदण्ड परिषदबाट स्वीकृत भएपछि लागू हुनेछ ।